प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने निवेदन फारम

श्री संचालक समिति
आई.एल.एफ.सि.ओ. माइक्रोफाइनान्स वित्तीय संस्था लि.
केन्द्रिय कार्यलय, चाबहिल, काठमाडौं ।

विषय :- प्रतिनिधि मनोनयन गरी पठाएको सम्बन्धमा ।

महाशय,

.....जिल्ला..... न.पा./गा.वि.स वडानं..... बस्ने म/हामी .... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७३ साल फागुन २२ गते आईतबारका दिन हुने पाँचौ बार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णय प्रक्रियामा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि .....जिल्ला .... न.पा./गा.वि.स वडा नं. .....बस्ने त्यस कम्पनीका शेयरधनी श्री ..... शेयर प्रमाण पत्र नं./हितग्राही परिचय नं. ..... लाई मेरो /हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौ ।

निवेदक
दस्तखतः
नामः
ठेगानाः
शेयर प्र.प.नं./हितग्राही परिचय नं.:
कित्ता नं.....देखि ..... सम्म
मितिः.....

प्रतिनिधिको
दस्तखतः
नामः
शेयर प्र.प.नं./हितग्राही परिचय नं.

द्रष्टव्य : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तिमा ७२ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।
(एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।)

आई.एल.एफ.सि.ओ. माइक्रोफाइनान्स वित्तीय संस्था लि

केन्द्रिय कार्यलय, चाबहिल, काठमाडौं ।

को

पाँचौ बार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको

प्रवेश-पत्र

शेयरधनीको नाम :..... साधारण शेयर प्र.प.नं.....
शेयरधनीको सही :..... कुल शेयर संख्याः.....हितग्राही परिचय नं.....

.....
कम्पनीको छाप

कम्पनी सचिव

(सभामा भाग लिन आउँदा यो प्रवेश पत्रमा सभामा भाग लिन आउने शेयरधनीको नाम ,दस्तखत, साधारया शेयरको प्रमाणपत्र नं.,साधारण शेयर संख्या तथा हितग्राही परिचय नं. अनिवार्य रुपमा उल्लेख गरी लिई आउनु पर्ने छ ।)

आई.एल.एफ.सि.ओ माइक्रोफाइनान्स वित्तीय संस्था लि. को पाँचौवार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७३/१०/१२ (तद्नुसार जनवरी २५, २०१७) गतेको दिन बसेको ९४ औं बैठकको निर्णय बमोजिम कम्पनीको पाँचौ बार्षिक साधारण सभा निम्न बिषयहरू उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा "कम्पनी ऐन, २०६३" को दफा ६७ अनुसार शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थान :

मिति : २०७३ साल फागुन २२ गते आईतबार (तद्नुसार मार्च ५ २०१७)

समय : बिहान १०.०० बजे

स्थान : सि.डब्लु रेष्टुरेन्ट, कमलादी, काठमाडौं ।

बार्षिक साधारण सभाको छलफलको विषयहरु:

(क) साधारण प्रस्तावहरु:

१. संचालक समितिको वार्षिक प्रतिवेदन २०७२/०७३ उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित सम्वत् २०७३ आषाढ मसान्तसम्मको वासलात, मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ गते सम्मको नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७३/०७४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनको लागि प्रतिशेयर ०.२६% नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. वित्तीय संस्थाको नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरूको (समुह "ख") को तर्फबाट पद संख्या १ (एक) जना संचालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

६. १. संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको चुक्तापूँजीको ५ प्रतिशत बोनस शेयर स्वीकृत गर्ने ।

७. २. वित्तीय संस्थाको नाम परिवर्तन गर्ने, बोनस शेयर जारी भए पश्चात सोही हदसम्म बैंकको जारी पूँजी तथा चुक्तापूँजी बृद्धि गर्न प्रबन्ध पत्र तथा नियमावली संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।

८. ३. प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन अभिलेख गर्ने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृति लिने र अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पुँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरूबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदानगर्ने सम्बन्धमा ।

(ग) विविध ।

पुनश्च : सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफानो क्सान हिसाब, साधारण सभा सम्बन्धी जानकारी, प्रोक्सी फारम र प्रवेशपत्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय चावहिल, काठमाण्डौ मा वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, कमलादी काठमाण्डौंमा आई निरीक्षण गर्न वा प्राप्तगर्न सकिनेछ । संक्षिप्त आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन लगायत साधारण सभामा पेश हुने प्रस्तावहरू बैंकको website: www.ilfcomicrofinance.com.np बाट जानकारी प्राप्तगर्नु हुन सम्बन्धित शेयरधनीहरूमा अनुरोध छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धीजानकारी:

१. यस पाँचौ वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजीको कार्य मिति २०७३/११/०७ गते देखि साभारण सभा सम्पन्न नभएसम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०७३/११/१८ सम्म कारोवार भई कायम हुने शेयर दाखिला खारेजी सम्पन्न भई सोहीअनुसार कायम हुने कम्पनीको शेयरधनी पुस्तिकामा कायम रहेका शेयरधनीहरूले मात्र साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छन्।

२. बार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीमहानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण-पत्र वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ।

३. शेयरधनीमहानुभावहरूले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान ९.३० बजे नै खुल्ला गरिने छ।

४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले तोकिएको ढाँचामा कम्पनीको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको निवेदन २०७३/११/१९ गते बिहानको १०.०० बजे (अर्थात् सभा सुरू हुनुभन्दा कम्तिमा ७२ घण्टा अगावै) भित्र कम्पनीको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केटस् लि. काठमाडौं प्लाजा, कमलादी, काठमाडौंबाट प्रमाणीकरण गराई कम्पनीको केन्द्रीय कार्यालय, चाबहील, काठमाडौंमा दर्ता गराई सक्नुपर्ने छ। प्रतिनिधि (प्रोक्सी) दर्ता सम्बन्धमा कम्पनीले उपलब्ध गराएको प्रोक्सी फारममा तोकिए वमोजिमको प्रमाणीकरण गरी गराई सक्कलै प्रोक्सी प्राप्त हुनुपर्ने छ। यस सम्बन्धमा फोटोकपी/फ्याक्स/इमेल इत्यादीबाट प्राप्तहुने/भएको कुनै पनि प्रोक्सी फारम मान्यहुने छैन।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेको अवस्थामा नियुक्त प्रतिनिधि (प्रोक्सी) ले उपस्थिति पुस्तिकामा दस्तखत गरि नसकेको अवस्था एवं सभाको कामकारवाही शुरू हुनुभन्दा अगावै शेयरधनी आफैं सभामा उपस्थिति भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिने छ। तर एकपटक तोकिएको प्रतिनिधि (प्रोक्सी) लाई बदर गरी आर्को प्रतिनिधि (प्रोक्सी) मुकरर्र गर्नुपरेमा सो को लिखितनिवेदन सहित नयाँ प्रतिनिधि (प्रोक्सी) मुकरर्र गरेको प्रमाणित प्रोक्सी फारम मिति २०७३/११/२० गते विहानको १०:०० वजे भित्रकम्पनीको केन्द्रीय कार्यालयमा दर्ता भइसक्नुपर्ने छ। अन्यथा पहिलो मुकरर्र भएको प्रतिनिधि (प्रोक्सी) लाइ नै मान्यता दिइने छ।

६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्दा आफ्नो नाममा रहेको सम्पूर्ण साधारण शेयरको प्रतिनिधि (प्रोक्सी) एक जना व्यक्तिलाई मात्र मुकर्रर गर्नुपर्नेछ। एक प्रतिनिधि (प्रोक्सी) फारममा एकभन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएमा त्यस्तो नियुक्ति बदर हुनेछ। एक शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) फारम मार्फत् एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र मान्यता दिईनेछ। संगठित संस्था शेयरधनीको हकमा संस्थाले तोकी खटाएको वा मनोनीत गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ।

७. नाबालक वा विक्षिप्त शेयरधनीको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नामदर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भागलिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ। संयुक्त रूपमा सधारण शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरू मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बामोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनीहरूको दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ।

८. सर्वसाधारण शेयरधनी महानुभावहरू मध्येबाट सञ्चालक पदमा उमेद्वार हुनको लागि यस कम्पनीको न्युनतम १०० कित्ता शेयर आफ्नै नाममा लिएको हुनुपर्दछ र उमेद्वार हुनचाहने शेयरधनीले तोकिएको समयावधि भित्र १ (एक) जना यस कम्पनीको शेयरधनी प्रस्तावक र अर्को एक जना कम्पनीकै शेयरधनी समर्थक सहित आफ्नो उमेद्वारी तोकिएको ढाँचा

बमोजिम यस कम्पनीको प्रधान कार्यालय चाबहिलमा दरखास्त मार्फत दर्ता गराउनुपर्ने छ । सञ्चालक निर्वाचन सम्बन्धि निर्देशिका यस कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गरि लाग्ने शुल्कतिरी प्राप्तगर्न सकिने छ । सञ्चालक निर्वाचन सम्बन्धि कार्यक्रम एंव तत् सम्बन्धी क्रियाकलापका जानकारी यस कम्पनीको प्रधान कार्यालयको सूचनापाटिमा सभाहुने मिति भन्दा कम्तीमा७ (सात) दिन अगाडि टाँस गरिने छ ।

९. प्रत्येक शेयरधनीलाई निजले लिएको शेयरको हदसम्म मतदान गर्ने अधिकार हुने छ । तर त्यस्तो मताधिकारको अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने यस कम्पनीको अधिकतम शेयर संख्याको सीमा भन्दा बढी हुने छैन ।

१०. शेयरधनीहरूबाट उठेका प्रश्न जिज्ञासा वा मन्तब्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनेछन् ।

११. विविध विषय अर्न्तगत कुनै शेयरधनी महानुभावलाई कम्पनी सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रूपमा सभा हुनुभन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको प्रधान कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

१२. शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै बस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ । सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षाजाँच गर्न सक्ने भएको हुँदा निजहरूलाई सहयोग गरि दिनुहुन अनुरोध गरिन्छ ।

१३. शेयरधनी महानुभावहरूको जनकारीको लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन लगायत साधारण सभामा पेश हुने प्रस्तावहरू बैंकको website: www.ilfcomicrofinance.com.np बाट जानकारी प्राप्तगर्नु हुन सम्बन्धित शेयरधनीहरूमा अनुरोध छ ।

१४. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

पाचौं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

यस आई.एल.एफ.सि.ओ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको पाँचौं बार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको साथै मेरो व्यक्तिगत तर्फबाट समेत म हार्दिक स्वागत गर्दछु। आ.व. २०७२/७३ को समग्र वित्तीय विवरणहरू यहाँहरूले अध्ययन गर्नुभएकै होला भन्ने विश्वासका साथ अब म आ.व. २०७२/७३ को समिक्षा अवधिमा संस्थाको आर्थिक अवस्थाको संक्षिप्त विवरण देहाय अनुरूप प्रस्तुत गर्दछु।

(रू. हजारमा)

क्र.स.	विवरण	(समीक्षा अवधि) आ.व.२०७२/७३	गत आ.व.२०७१/७२
१	चुक्ता पूँजी	१,०५,०००।	१,००,०००।-
२	जगेडा कोष	१,८६५।४४	३,४७५।०५
३	निक्षेप (बचत)	५३,५४९।०१	२९,२१६।०८
४	कर्जा (लघु कर्जा) लगानीमा रहिरहेको	१,६९,५७७।९१	९६,५६४।२८
५	विभिन्न बैंक/वित्तीय संस्थाबाट लिएको कर्जा सापट	८९,९७८।८८	४५,०००।
६	कूल आम्दानी	२३,५८३।००	१६,३२७ ।५५
७	कूल खर्च	१६,५३३।८४	१६,०९८।०६
८	खुद नाफा/नोक्सान	७,०४९।१६	२२९।४८
	सेवाको पहुँच (Outreach)		
	क. जिल्ला	१०	५
	ख. शाखा संख्या	१२	२
	ग. गा.वि.स.	७४	४४
	घ. केन्द्र	४७२	२३५
	ङ. समुह	१४४४	७०१
	च. समुह सदस्य	६९००	३४३६
	छ. ग्राहक (सम्पूर्ण महिला) ऋणी	६३८२	२३७०

कार्यक्षेत्रको विस्तार

आ.ब. २०७२/७३ को अन्त्य सम्ममा संस्थाले काभ्रेमा २, नुवाकोटमा २, सिन्धुपाल्चोकमा १, काठमाडौंमा ३ सिन्धुलीमा १, दाङ्गमा १, ओखलढुङ्गामा १, र गुल्मीमा १ वटा गरि कुल १२ वटा शाखाहरू मार्फत १० जिल्लाका ७४ गा.वि.स/नगर पालिकाहरूमा लघुवित्त कार्यक्रम संचालन गरिरहेको ब्यहोरा जानकारी गराउन चाहन्छु।

मानव संसाधनको विकास

कार्यक्रम र कार्यक्षेत्रको विस्तार संगै मानव संसाधनको विकास र विस्तार आवश्यक रहने विषयलाई मध्यनजर गर्दै आ.ब. २०७२/७३ मा आवश्यक जनशक्तिहरूको ब्यवस्थापन, तालीम तथा वृत्ति विकासका कार्यक्रमहरू संचालन गरी संस्थाले दक्ष जनशक्ति निर्माणमा आवश्यक पहल गरिरहेको छ।

चूनौतिहरुको सामना

गएको आ.व २०७२/७३ मा संस्थाले सामाना गरेका मुख्य चुनौतीहरु निम्नअनुसार रहेका छन् ।

क. ग्रामीण क्षेत्रमा नगद कारोबार गर्न प्रतिकुलता रहनु ।

ख. लघु वित्तीय संस्थाहरूवीच अस्वस्थ्य प्रतिस्पर्धा भई कर्जाको दोहोरोपना कायम हुनु ।

ग. विभिन्न समयमा नीतिगत परिवर्तनबाट श्रृजना हुने अवस्थाहरू ।

घ. नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बाणिज्य बैंकहरूले विपन्न वर्ग कर्जा अर्न्तगत कम्तीमा २ प्रतिशत कर्जा सिधै लगानी गर्नुपर्ने प्रावधानबाट लघुवित्त संस्थाहरूका लागि थोक कर्जाको कमी महशुश हुनुका साथै व्याजदरमा बृद्धि हुनु ।

ङ. नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ७ प्रतिशतको स्प्रेड दर कायम गर्नुपर्ने प्रावधानलाई पालना गर्दा लघुवित्त वित्तीय संस्थाहरूलाई शिरोभार खर्च धान्न कठिनाई हुनु ।

कारोवारको सिंहावलोकन

आ.ब.२०७२/७३ को अन्त्य सम्ममा केन्द्रिय कार्यालय तथा १२ वटा शाखा कार्यालयहरू मार्फत १० जिल्लाका ७४ गा.वि.स/नगरपालिका हरूमा संचालन भईरहेको छ । चालु आर्थिक वर्ष २०७३/७४ को माघ मसान्त सम्ममा संस्थाले गरेको कारोवारको सिंहावलोकन निम्नानुसार रहेको छ ।

क्र.स	विवरण	संख्या/रकम
१	घरधुरी सर्वेक्षण	
२	केन्द्र संख्या	६४०
३	समूह संख्या	१९९८
४	सदस्य संख्या (सम्पूर्ण महिला)	९३८४
५	ग्राहक(संख्या)	८७२५
६	लघु बचत (Micro Savings) (रू हजारमा)	७२,११०।६६
७	लघु कर्जा लगानी (Disbursement)(रू. हजारमा)	८,५७,९३९।९६
	समूह (रू. हजारमा)	८,५५,०३९।९६
	धितो (रू. हजारमा)	२,९००
८	लघु कर्जा असुली (Repayment)(रू. हजारमा)	६,१२,८८०।८७
	समूह (रू. हजारमा)	६,१२,०१६।४८
	धितो (रू. हजारमा)	८६४।३९३
९	लघु कर्जा लगानीमा रहिरहेको (रू. हजारमा)	२,४५,०५९।०८
	समूह कर्जा (रू. हजारमा)	२,४३,०२३।४७
	धितो कर्जा (रू. हजारमा)	२,०३५।६०

आ.ब.२०७३/०७४ को वार्षिक कार्यक्रम

हालको समग्र वित्तीय वातावरणको परिप्रेक्ष्यमा लघुवित्त वित्तीय संस्थामा प्रचूर संभावनाहरू देखा परेको बावजुद पनि यसका प्रमुख चूनौतिहरूमा लघुवित्त वित्तीय संस्थाहरू तथा तिनका शाखाहरूको वढ्दो क्रम संगै बढ्दै गएको प्रतिस्पधाका कारण सदस्य तथा कर्जा दोहोरोपनाको नियन्त्रण तथा संचालन खर्चको प्रभावकारी नियन्त्रण रहेको हामीले महशुश गरेका छौं । यिनै संभावना तथा चूनौतिहरूलाई मध्यनजर गर्दै हामीले सदस्य दोहोरोपना सकेसम्म नियन्त्रण गर्दै ग्राहक संख्यामा वृद्धि गर्ने तथा कर्जाको गुणस्तर कायम राखि संभवत न्यून लागतमा संस्था संचालन गरि लघुवित्त कार्यक्रमहरूलाई प्रमुखताका साथ विस्तार गर्दै लैजाने कार्यक्रम तर्जुमा गरेका छौं । सोही वमोजिम आगामि वर्षहरूमा पनि हामी गुणस्तरिय कर्जा

लगानी तर्फ विशेष ध्यान दिनेछौं । आ.ब. २०७३/७४ को लागि तर्जुमा गरिएको कार्यक्रमको संक्षिप्त स्वरूप निम्नानुसार प्रस्तुत गरिएको छ ।

क्र.स.	विवरण	प्रक्षेपित लक्ष
१	कार्यक्रम संचालन हुने जिल्ला संख्या	१७
२	कुल केन्द्र	१०९१
३	कुल समूह	३२७३
४	कुल सदस्य संख्या	१६,३६५
५	बर्षान्तमा कायम रहिरहने ऋण रकम (रू. हजारमा)	५,७५,७५९
६	बचत संकलन (रू. हजारमा)	१,३६,१२५
७	जीवन आवास सुरक्षा योजना कोष बाँकी (रू. हजारमा)	२,७६३
८	कुल ब्याज आम्दानी (रू. हजारमा)	१३,१२८
९	संचालन मुनाफा (रू. हजारमा)	१९,६४७

अन्य भावि कार्यक्रमहरु

राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले संख्यात्मक बृद्धि भन्दा पनि गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्षका रूपमा अगाडी सारेको छ । वित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुँच कम भएका स्थानहरूमा आफ्नो कार्यक्रम विस्तार गर्दै लाने कार्य भैरहेको छ । विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेका सेवामुखी सुविधाहरू तथा ग्राहक सदस्यहरूले वित्तीय संस्था प्रति देखाएको सहभागीता र उत्साहले नै हालसम्म यस वित्तीय संस्थालाई आफ्नो कार्यक्रम विस्तार गर्न सफलता प्राप्त भएको छ । हाल देशमा देखिएको विषम परिस्थितिहरू तथा लघुवित्त वित्तीय संस्थाहरू विच हुने अश्वस्थ प्रतिस्पर्धा, कर्जा/सदस्यको दोहोरोपन आदी कारणले वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएता पनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय संस्था संग रहेको मौज्दात तथा कुशल व्यवस्थापनको कारण सम्पूर्ण परिसुचकहरूमा चालु आ.व.मा कुनै नकारात्मक असर नपर्ने देखिन्छ । यसको साथै भविश्यमा पनि यस्तो नकारात्मक असर पर्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरूको तर्जुमा गरी अगाडी बढ्ने रणनीति यस वित्तीय संस्थाले लिएको छ । संस्थाको आ. ब. २०७३/७४ का कार्यक्रमहरूको संक्षिप्त स्वरूप निम्न बमोजिम रहेको छ ।

शाखा कार्यालयको विस्तार

आ.ब. २०७३/७४ मा यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार वित्तीय पहुँच कम भएको जिल्ला तथा गा.वि.स हरूमा वित्तीय सेवा प्रदान गर्नको लागि कम्तीमा ७ नयाँ शाखा कार्यालयहरू स्थापना गर्ने लक्ष्य लिएको कुरा सहर्ष जानकारी गराउन चाहन्छु ।

आन्तरिक नियन्त्रण प्रणालीको विकास

लघुवित्त वित्तीय संस्थामा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ रहनु आवश्यक रहने कुरालाई मध्य नजर गर्दै यसै आ.ब. २०७३/७४ मा उपयुक्त जनशक्ति व्यवस्थापन गरी नियमित रूपमा आन्तरिक स्रोत साधन र जनशक्तिबाटै शाखा कार्यालयहरूको अनुगमन निरिक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ । त्यसैगरी आन्तरिक तथा बाह्य लेखा परिक्षक र

नेपाल राष्ट्र बैंक बाट भए/गरेका सुधार गर्नु पर्ने निर्देशनहरूलाई क्रमश सुधार गर्दै लगिएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

संस्थागत सुशासन

यस वित्तीय संस्थाले विद्यमान ऐन कानून तथा नीति नियम र नियमनकारी निकायहरूबाट प्राप्त निर्देशनहरू मुताविक आफ् नो व्यवसाय संचालन गर्दै आएको ब्यहोरा जानकारी गराउन चाहन्छु । साथै वित्तीय संस्थाका शेयरधनीहरू प्रति वित्तीय संस्थाको सञ्चालक समिति पूर्ण रूपमा जवाफदेही र उत्तरदायी रहने छ । नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था संचालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न त्रैमासिक रूपमा आन्तरिक लेखा परीक्षण गराई लेखापरिक्षकले दिएको सुझाव वमोजिम कार्यान्वयन गर्दै जाने छ । कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था, सदस्यहरूलाई प्रतिकूल परिवेशको बेला सहयोग पुऱ्याउने उद्देश्यले स्थापित जीवन तथा आवास सुरक्षा योजना कोष तथा सुरक्षण कोष जस्ता कोषहरूको ब्यवस्था मार्फत सेवा प्रवाह तर्फ वित्तीय संस्था अझ प्रभावकारी रूपमा अगाडी बढ्नेमा हामी विश्वस्त छौं । यस वित्तीय संस्थाको सञ्चालक समितिले संस्थागत सुशासन कायम राख्न विभिन्न उपसमितिहरू गठन गरि कार्य संचालन गर्दै आएको छ । आन्तरिक लेखा परिक्षक, बाह्य लेखापरिक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरूको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ वनाउन सञ्चालक समिति कटिवद्ध रहेअनुसार कारोवारलाई व्यवस्थित गर्न आवश्यक थप नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरि तदनुरूप लागु गरिने छ ।

आभार प्रकट

यस अवसरमा म यस संस्थाको स्थापना कालदेखि संस्थालाई सहयोग पुऱ्याउँदै आउनुभएको शेयरधनी महानुभावहरू, ग्राहकवर्ग, लेखापरीक्षक, संस्थाको शेयर निस्काशन प्रबन्धक तथा नेपाल सरकारका अंगहरू अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यलय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड प्रति कृतज्ञता प्रकट गर्दछु । साथै संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूको कर्तव्यनिष्ठता, लगनशिलता एवम् कठीन परिश्रमको सराहना गर्दछु ।

धन्यवाद !

सञ्चालक समितिको तर्फबाट

गोविन्द गुरुङ्ग

अध्यक्ष

मिति : २०७३/११/२२

कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ बमोजिमको विवरण

क. विगत वर्षको कारोबारको सिंहावलोकन :

वित्तीय संस्थाको सञ्चालक समितिको प्रतिवेदनमा यस सम्बन्धमा उल्लेख गरिएको छ ।

ख. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थीति र यसका प्रभावहरु :

अन्तराष्ट्रिय परिस्थितिले हाम्रो संस्थाको कारोबारमा उल्लेखनीय असर नगरे तापनि राष्ट्रिय परिस्थिति अझै सकारात्मक हुन सकेको छैन । त्यसैगरी नयाँ लघुवित्त वित्तीय संस्थाहरू स्थापनाको क्रम वढिरहेकै छ भने पुराना लघुवित्त बैंक/संस्थाहरूका शाखाहरूको संख्यामा पनि वृद्धि हुँदै गएका छन् । जसबाट लघुवित्त संस्थाहरू बीच प्रतिस्पर्धा वढिरहेको र सदस्य तथा कर्जा दोहोरोपना समेत वढ्न सक्ने अवस्था रहेको छ । यस्तो अवस्थामा संस्थाको ग्राहक संख्यामा वृद्धि तथा कर्जाको गुणस्तर कायम गर्नु अझ चुनौतिपुर्ण हुने देखिन्छ ।

ग. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविश्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको अवधारणा :

यस संस्थाको आ.ब. २०७३/७४ को माघ महिनाको अन्त्य सम्ममा रू २,९६,०८,२५०/- कुल ब्याज आम्दानी रहेको र रू. ६६,९९,८५२/- संचालन मुनाफा रहेको छ, साथै माघ महिनाको अन्त्य सम्ममा संस्थाको लगानीमा रहिरहेको ऋण रकम रू. २५,००,७८,३८७/- रहेको छ । संस्थाको आ. व. २०७३/७४ को संक्षिप्त वार्षिक कार्यक्रम तथा भविश्यमा गर्नुपर्ने क्रियाकलापहरूको सम्बन्धमा सञ्चालक समितिको अवधारणा अगाडि नै प्रस्तुत गरिसकिएको छ ।

घ. औद्योगिक तथा व्यवसायिक सम्बन्धमा :

यस संस्थाले सबै वित्तीय संस्थाहरूसँग व्यवसायिक रूपमा आफ्नो सम्बन्ध विस्तार गर्दै लाने छ । त्यसैगरि संस्थागत सुशासन, व्यवस्थापन तथा कर्मचारी विच सुमधुर सम्बन्ध कायम राख्न प्रतिबद्ध रहेको छ ।

ङ. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

सञ्चालक सिमितिमा आ.ब. २०७२/७३ मा कुनै हेरफेर भएको छैन । यद्यपि संस्थाको मातृ संस्था सिभिल बैंक लिमिटेडसँग मर्जर पश्चात मिति २०७३ साल कार्तिक १८ गतेबाट वर्तमान सञ्चालकहरूमा निम्नानुसारका व्यक्तिहरू कायम रहनुभएको छ ।

श्री गोविन्द गुरूङ्ग	अध्यक्ष (प्रतिनिधि–सिभिल बैंक लि.)
श्री सचिन नेवा	सदस्य (प्रतिनिधि– सिभिल बैंक लि.)
श्री प्रसिद्ध राज अर्याल	सदस्य (प्रतिनिधि– सिभिल बैंक लि.)
श्री कृष्ण प्रसाद अधिकारी	सदस्य (सर्वसाधारण शेयरधनीबाट)

च. कारोबारलाई असर पार्ने मुख्य कुराहरु :

देशको जटिल राजनैतिक अस्थिरता र गतिरोधले भविष्यमा आर्थिक, मौद्रिक तथा वित्तीय नीति र वित्तीय प्रणाली तथा अर्थ व्यवस्थामा प्रभाव पर्ने हुन सक्छ । नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायले गर्ने नियमन, निर्देशनको परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमप्रति पनि सजग रहनु परेको छ । साथै बढ्दै गएको मूल्य वृद्धिले खर्चहरू बढ्न जाने भएको छ । यस्तो अवस्थामा संस्थाको समग्र जोखिम कम गर्नुपर्ने आवश्यकता एकातिर छ भने पूंजीको परिमाण अनुरूपको व्यवसाय विस्तार गरी शेयरधनीहरूको लगानीमा यथोचित प्रतिफलको प्रत्याभूति दिनुपर्ने अर्को चूनौति छ । समयानुकुल उपयुक्त रणनीतिहरू अवलम्बन गरी तमाम प्रतिकुलताहरूका विच

संस्थालाई सफलतापूर्वक अधि बढाउने कार्य आगामी दिनमा निकै चूनौतिर्पुर्ण देखिन्छ ।

छ. लेखा परिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेखित भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :

लेखा परिक्षण प्रतिवेदनमा खासै कैफियत नभएको ।

ज. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :

लाभांश बाँडफाँडको रकम रू.५२,६३,१५८।– छुट्याईएको छ ।

झ. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगाबै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछी सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सो को विवरण :

हालसम्म कुनै शेयर जफत गरिएको छैन ।

ञ. विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगती र सो आर्थिक वर्षको अन्तमा रहेको भए सोको विवरण :

यस संस्था तत्कालिन इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कम्पनी लिमिटेड को सहायक कम्पनीको रूपमा स्थापना भएको हो । यसको सहायक कम्पनी छैन ।

ट. कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिको कारोबार मा आएको कुनै महत्वपुर्ण परिवर्तन :

संस्थाको सहायक कम्पनी नभएको ।

ठ. विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :

हालसम्म यस्तो कुनै जानकारी प्राप्त नभएको ।

ड. विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :

हालसम्म यस्तो कुनै जानकारी प्राप्त नभएको ।

ढ. विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :

हालसम्म यस्तो कुनै जानकारी प्राप्त नभएको ।

ण. कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :

वित्तीय संस्थाले समिक्षा अवधिमा आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

त. आन्तरीक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :

संस्थाले हाल कर्जा अपलेखन निति, कर्जा निर्देशिका, आर्थिक विनियमावली, कर्मचारी सेवा विनियमावलीका साथै तिनीहरूसँग आवश्यक पर्ने कुराहरू अवलम्बन गर्दै आएको र जोखिम व्यवस्थापन समिति, लेखा परिक्षण समिति गठन गरिएको छ । हाल संस्थाको कारोवारको परिमाण न्यून रहेको सन्दर्भमा भविष्यमा आवश्यक पर्ने नीति नियमहरू तर्जुमा तथा तदनुरूप कार्यान्वयन गर्दै लगिने एवं संस्थाको आन्तरिक नियन्त्रण प्रणलीलाइ अझ सुदृढ वनाउँदै लगिने छ ।

थ. विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :

कर्मचारी खर्च	रू.	७२,३१,६१०/-
अन्य सञ्चालन खर्च	रू.	५५,४६,४८०/-
जम्मा खर्च		**रु. १,२७,७८,०९०/-**

द. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले

गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भएका सो को विवरण :

हाल कायम रहेका लेखापरिक्षण समितिका सदस्यहरू देहायबमोजिम रहेका छन् ।

१. श्री सचिन नेवा, सञ्चालक - संयोजक

२. श्री कृष्ण प्रसाद अधिकारी, सञ्चालक - सदस्य

३. श्री सुमन कुमार दाहाल, अधिकृत - सदस्य सचिव

समितिका सदस्यहरूलाई रू ७५०/- बैठक भत्ता/प्रति बैठक बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा दिइएको छैन । यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन, वाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सो बाट आएका सल्लाह, सुझाव तथा निर्देशनहरूको पालना भए नभएको मूल्याङ्कन गर्ने, तथा उक्त प्रतिवेदनहरूको समीक्षा गरी सुधारका लागि आफ्नो सल्लाह सुझावहरू दिने गरेको छ ।

ध. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :

केही नभएको ।

न. सञ्चालक, प्रबन्धक सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक भत्ता तथा सुविधाको रकम :

आर्थिक वर्ष २०७२/७३ मा सञ्चालक समितिका सदस्यहरूलाई बैठक भत्ता स्वरूप जम्मा रू.८१,०००/- भुक्तानी गरिएको छ । सो वाहेक सञ्चालकहरूलाई अन्य कुनै सुबिधा दिइएको छैन ।

प्रमुख कार्यकारी अधिकृत

निमित्त प्रमुख कार्यकारी अधिकृत लाई पारिश्रमिक, भत्ता तथा सुविधा वापत जम्मा रू. १०,८६,८२३।४२ भुक्तानी गरिएको छ । यसका अतिरिक्त कम्पनीको कर्मचारी नियमावली अनुसारको अन्य सुविधा उपलब्ध गराइएको छ ।

प. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :

हालसम्म लाभांश वितरण नभएको ।

फ. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण :

नभएको ।

ब. कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बद्ध कम्पनी विच भएको कारोबारको विवरण :

यस कम्पनी र यसको मातृसंस्था कम्पनी (Parent Company) सिभिल बैंक लिमिटेड विच भएको कारोवारको विवरण वित्तीय विवरणको अनुसूची ४.२७ को दफा ६ अन्तर्गत प्रस्तुत गरिएको छ ।

भ. कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु :

खुलाउनुपर्ने अन्य कुराहरू नभएको ।

म. अन्य आवश्यक कुराहरु :

अन्य आवश्यक कुराहरू नभएको ।

द.
सञ्चालक समितिको तर्फबाट
गोविन्द गुरूङ्ग
अध्यक्ष
मिति : २०७२/११/२२

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुचि १५ (नियम २६ को उपनियम (२) संग सम्बन्धित)

१. सञ्चालक समितिको प्रतिवेदन :

सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन यसैसाथ संलग्न गरिएको छ ।

२. लेखापरीक्षकको प्रतिवेदन :

वार्षिक प्रतिवेदनमा संलग्न छ ।

३. लेखापरीक्षण भएको वित्तीय विवरण :

वार्षिक प्रतिवेदनमा संलग्न छ ।

४. कानुनी कारवाही सम्बन्धी विवरण :

(क) गत आ.व.को अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरूद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालक विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी समिक्षा अवधिमा प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी समीक्षा अवधिमा प्राप्त भएको छैन ।

५. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : नेपाल धितोपत्र बोर्डको रेखदेखमा धितोपत्र बजारमा खुल्ला बजारले निर्धारण गरे अनुरूप कारोबार हुने हुँदा वित्तीय संस्थाको व्यवस्थापन तटस्थ छ ।

ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिनः गत आर्थिक वर्षमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार संख्या र कारोबार भएको दिनको विवरण (नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट अनुसार) निम्न बमोजिम रहेको छ ।

क्र.सं.	विवरण	प्रथम त्रैमासिक	द्वितिय त्रैमासिक	तृतिय त्रैमासिक	चतुर्थ त्रैमासिक
१.	अधिकतम मूल्य		१०४०	१३४७	२०००
२.	न्यूनतम मूल्य		३१८	९९९	११५१
३.	अन्तिम मूल्य		९५०	११८०	१५९३
४.	कारोबार संख्या		९६५२	१०८८	२४९९
५	कारोबार भएको दिन		२९	५१	६४

६. समस्या तथा चुनौती :

(क) देशको संक्रमणकालीन राजनैतिक अवस्था, लगानी मैत्री बातावरणको अभाव, दक्ष तथा अनुभवी कर्मचारीको अभाव तथा परिवर्तन भैरहने नीतिगत व्यवस्था एवं निर्देशनबाट समस्या सिर्जना हुन सक्ने ।

(ख) दुर्गम स्थानहरूमा कार्यक्रम विस्तार गर्न आवश्यक रहने पूर्वाधार, सूचाना प्रविधि आदी को अभावको कारण त्यस्ता स्थानहरूमा उल्लेख्य मात्रामा कार्यक्रम विस्तार गर्न नसकीएको ।

(ग) अप्रत्याशित रूपमा आई पर्ने प्राकृतिक दैवि विपत्तिबाट सिर्जना हुने परिस्थितिबाट हुनसक्ने चुनौती ।

(घ) साथै यस क्षेत्रमा देखिएको बढ्दो अस्वस्थ प्रतिस्पर्धा चुनौतिपूर्ण रहेको छ ।

७. संस्थागत सुशासन :

सञ्चालक समितिको प्रतिवेदन अन्तर्गत सम्बन्धित शीर्षकमा उल्लेख गरिएको ।

८. विवरणपत्रमा प्रक्षेपण गरिएका र लेखापरीक्षण भएको विवरणहरुमा बीस प्रतिशत वा सो भन्दा बढी फरक सम्बन्धी विवरण ।

अपरिष्कृत वित्तिय विवरणको तुलना

(आ.व. २०७२/७३)

(रु हजारमा)

क्र. सं.	विवरण	अपरिष्कृत वित्तिय विवरण अनुसार	लेखा परिक्षित वित्तिय विवरण अनुसार	फरक		फरक हुनुको कारण
				रकममा	% मा	
१	**कूल पूँजी तथा दायित्व (१.१ देखि १.७ सम्म)**	२५६,७४९।२८	२५६,७१०।१४	(३९।१४)	(०।०२)	
१.१	चुक्ता पूँजी	१००,०००.००	१०५,०००.००	(५,०००.००)	–	
१.२	जगेडा तथा कोषहरू	७,२२७.७३	१,८६५.४४	५,३६२.२९	७४.१९	नाफा/नोक्सान हिसाबको फरकको समायोजन
१.३	ऋणपत्र तथा बन्ड	–	–	–	–	
१.४	तिर्न बाँकि कर्जा सापट	८९,९७८.८७	८९,९७८.८७	–	–	
१.५	निक्षेप दायित्व (क+ख	५३,५४९.००	५३,५४९.००	–	–	
	क) स्वदेशी मुद्रा	५३,५४९.००	५३,५४९.००	–	–	
	ख) विदेशी मुद्रा	–	–	–	–	
१.६	आयकर दायित्व	१,६०८.२९	१,६६८.२९	(५९.९९)	(३.७३)	नाफा/नोक्सान हिसाबको फरकको समायोजन
१.७	अन्य दायित्व	४,३८५.३८	४,६४८.५४	(२६३.१६)	(६.००)	विविध समायोजन
२	**कुल सम्पति (२.१ देखि २.७)**	२५६,७४९।२८	२५६,७१०।१४	(३९।१४)	(०।०२)	
२.१	नगद तथा बैंक	६१,४८१.८०	६१,४८१.८०	–	–	

२.२	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१४,७०२.०४	१४,७०२.०४	–	–	
२.३	लगानी	४५७.४७	४५७.४७	–	–	
२.४	कर्जा तथा सापट	१६९,५७७.९०	१६९,५७७.९०	–	–	
	(क) रियल स्टेट कर्जा	–		–	–	
	१. आवासीय रियल स्टेट कर्जा			–	–	
	(रू. ८० लाख सम्मको व्यक्तिगत आवासीय कर्जा बाहेक)	–		–		
	२. व्यापारिक भवन तथा आवासीय अपार्टमेन्ट निर्माण कर्जा			–	–	
		–	–	–		
	३. आय आर्जन गर्ने व्यापारिक भवन कर्जा			–	–	
	४. अन्य रियल स्टेट कर्जा (जग्गा खरिद तथा प्लटिङ्ग समेत)			–	–	
	(ख) व्यक्तिगत आवासीय कर्जा (रू ८० लाख सम्मको)	–		–	–	
	(ग) मार्जिन प्रकृतिको कर्जा	–		–	–	
	(घ) आवधिक कर्जा	–		–	–	
	(ङ) आधिविकर्ष कर्जा TR कर्जा र चालु पुँजी कर्जा	–		–	–	
	(च) अन्य	१६९,५७७.९०	१६९,५७७.९०	–	–	
२.५	स्थिर सम्पत्ति	७,७१३.७५	७,७१३.७५	–	–	
२.६	गैर बैकिङ्ग सम्पत्ति	–	–	–	–	
२.७	अन्य सम्पत्ति	२,८१६.३२	२,७७७.१८	३९.१४	१.३९	शेयर निष्काशन खर्च हिसाब मिलान
३	नाफा नोक्सान हिसाब					
३.१	१.व्याज आम्दानी	२९,७४९.४६	२९,७४९.४६	–	–	समायोजन
३.२	२.व्याज खर्च	(६,३०६.८८)	(६,३०६.८८)	–	–	
(क) खुद व्याज आम्दानी (३.१-३.२)		२३,४४२.५८	२३,४४२.५८	–	–	
३.३	कमिशन तथा डिस्काउन्ट	–		–	–	
३.४	अन्य सञ्चालन आम्दानी	१४०.४२	१४०.४२	–	–	
३.५	सटही घटबढ आम्दानी र नोक्सानी (खुद)	–	–	–	–	

(ख) कुल सञ्चालन आम्दानी (क + ३.३ + ३.४ +३.५)		२३,५८३.००	२३,५८३.००	–	–	
३.६	कर्मचारी खर्च	(९,५६६.८२)	(९,५६६.८२)	–	–	
३.७	अन्य सञ्चालन खर्च	(६,९६७.०२)	(६,९६७.०२)	–	–	शेयर निष्काशन खर्च हिसाब मिलान
(ग) सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा (ख३.६-३.७)		७,०४९.१६	७,०४९.१६	–	–	
३.८	सम्भावित नोक्सानी व्यवस्थाहरू	(४,४५३.१४)	(४,४५३.१४)	–	–	
(घ) सञ्चालन मूनाफा (ग ३.८)		२,५९६.०२	२,५९६.०२	–	–	Adjustments
३.९	गैर सञ्चालन आम्दानी/खर्च (खुद)	६४.०५	६४.०५	–	–	
३.१०	सम्भावित नोक्सानी ब्यवस्था वाट फिर्ता	३,२३७.००	३,२३७.००	–	–	
(ङ) नियमित कारोबारकाट भएको मूनाफा (घ + ३.९-३.१०)		५,८९७.०७	५,८९७.०७	–	–	
३.११	असामान्य कारोबारबाट भएको मूनाफा/खर्च (खुद)	–	–	–	–	
	(च) सम्पूर्ण कारोबार पछिको खूद मूनाफा (ङ + ३.११)	५,८९७.०७	५,८९७.०७	–	–	
३.१२	कर्मचारी बोनस ब्यवस्था	(५३६.१०)	(५३६.१०)	–	–	
३.१३	आयकर व्यवस्था **(क+ख)**	(१,६०८.२९)	(१,७०७.४३)	(९९.१४)	६.१६	समायोजन
क	आय कर	(१,६०८.२९)	(१,६६८.२९)	(५९.९९)	३.७३	विविध समायोजन
ख	पर सारिएको कर	–	(३९.१४)	(३९.१४)		विविध समायोजन
(छ) खूद मूनाफा (च-३.१२- ३.१३)		३,७५२.६८	३,६५३.५४	(९९.१४)	(२.६४)	
नोट. यस तालिकामा देखाइएका अंकलाई व्यवस्था रकम घटाई खुद रकममा देखाइएको छ।						

९. नियम २२ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण

(क) वित्तीय संस्थाको नियमावलिमा संशोधनः

मिति २०७२ साल बैशाख २५ गते बसेको यस संस्थाको विषेश साधारण सभा बाट "वित्तीय संस्थाको सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या" सम्बन्धि व्यवस्थामा संसोधन गर्ने प्रस्ताव पारित भई उक्त संशोधन मिति २०७२/०३/१७ बाट लागू भएको ।

BAKER TILLY
DEV ASSOCIATES
CHARTERED ACCOUNTANTS

Patan Dhoka, Lalitpur-3
PO Box 252
Lalitpur DPO 44700
Nepal

T: +977 (1) 5521605
F: +977 (1) 5520976

devassociates@ntc.net.np
www.bakertillydev.com

INDEPENDENT AUDITOR'S REPORT TO THE SHAREHOLDERS' OF *M/s ILFCO Microfinance Bittiya Sanstha Ltd.*

1. We have audited the accompanying financial statements of *M/s ILFCO Microfinance Bittiya Sanstha Ltd.*, which comprise the balance sheet as at Ashad 31, 2073 (corresponding to July 15, 2016), and the income statement, statement of changes in equity and cash flow statement for the year then ended, and a summary of significant accounting policies and other explanatory notes.

2. ***Management's Responsibility for the Financial Statements***
Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standards. This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

3. ***Auditor's Responsibility***
Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance whether the financial statements are free from material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control. An audit shall not be construed as certification to management's act. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

4. ***Opinion on Financial Statement***
In our opinion and to the best of our information and according to the explanation given to us, read together with significant accounting policies and Notes to the Accounts forming part of financial statements, the financial statements give a true and fair view of the financial position of the company as of Ashad 31, 2073, and of the results of its operations and its cash flow for the year then ended in accordance with Nepal Accounting Standards or relevant practices, so far as applicable in compliance with prevailing laws.

5. ***Regulatory and Other Reporting***
Based on our examination of the financial statements, we report that:
   a. We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
   b. The accounts and records of the company have been maintained as required by law and practice.

Dev Associates * Lalitpur Nepal * Chartered Accountants

Dev Associates, Chartered Accountants is registered as a partnership firm in Institute of Chartered Accountants of Nepal with firm registration no. 230 and the PAN no. 600430025. Baker Tilly is the trademark of the UK firm, Baker Tilly UK group LLP, used under license. Baker Tilly International is a member of the *Forum of Firms*.
An independent member of Baker Tilly International

c. The Balance Sheet, Profit & Loss Account & Cash Flow Statement dealt with by this report are in agreement with the books of account.
d. The capital fund, risk bearing fund and the provisions for possible impairment of assets of the company are adequate as per the Directives issued by Nepal Rastra Bank.
e. As per the requirement of Institute of Chartered Accountants of Nepal, our audit included the audit of branches of the company whose deposit or loan exceeded 2% of total deposit or gross loan and advances of the company. In case of other branches, though the branches were not independently audited, the details received were adequate for purpose of audit.
f. In our opinion and to the best of our information and according to the explanation given to us, the Board of Directors, the representative or any employee of the company has not acted contrary to the provision of law relating to accounts nor caused direct loss or damage to the company deliberately or acted in a manner that would jeopardized the interest and security of the company and the business of the company appears to have been conducted satisfactorily.

Dev Associates Lalitpur Nepal Chartered Accountants

CA. Rajnish Dahal
Partner
For Dev Associates,
Chartered Accountants

Date: 3rd October 2016
Place: Lalitpur

वासलात

२०७३ आषाढ मसान्त

पूँजी तथा दायित्व	अनसूची	यस बर्ष (रु.)	गत बर्ष (रु.)
शेयर पूँजी	४.१	१०५,०००,०००	१००,०००,०००
२.जगेडा तथा कोषहरू	४.२	१,८६५,४३६	३,४७५,०५१
३.ऋणपत्र तथा बन्ड	४.३	–	–
४.तिर्न बाँकि कर्जा सापट	४.४	८९,९७८,८७५	४५,०००,०००
५.निक्षेप दायित्व	४.५	५३,५४९,००५	२९,२१६,०७५
६.प्रस्तावित नगद लाभांश		२६३,१५८	–
७.आयकर दायित्व		१,६६८,२८५	२८,७२०
८.अन्य दायित्व	४.६	४,३८५,३८२	७,४६९,४७०
कुल पूँजी तथा दायित्व		२५६,७१०,१४०	१८५,१८९,३१६
सम्पति	**अनुसुची**	**यस बर्ष (रु.)**	**गत वर्ष (रु.)**
१.नगद मौज्दात (सिक्का समेत)		–	
२.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात		८००,०००	५००,०००
३.बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	४.७	६०,६८१,७९८	५१,९३६,०१७
४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम		१४,७०२,०३९	२९,४९५,२२८
५.लगानी	४.८	४५७,४७०	४५७,४७०
६.कर्जा तथा सापट	४.९	१६९,५७७,९०५	९६,५६४,२८४
७.स्थिर सम्पत्ति	४.१०	७,७१३,७५३	३,१४५,२७१
८.गैर बैकिङ्ग सम्पत्ति	४.११		
९.अन्य सम्पत्ति	४.१२	२,७७७,१७५	३,०९१,०४६
कुल सम्पत्ति		२५६,७१०,१४०	१८५,१८९,३१६

संभावित दायित्व	अनूसुची४.१३
सञ्चालकहरूको घोषणा	अनूसुची४.२३
पूँजीकोष तालिका	अनूसुची४.२४
जोखिम भारित सम्पति विवरण तालिका	अनूसुची४.२४(क)
प्रमूख सूचकाङ्कहरू	अनूसुची४.२५
प्रमूख लेखा नीतिहरू	अनूसुची४.२६
लेखा सम्वन्धी टिप्पणीहरू	अनूसुची४.२७

४.१ देखि ४.१३ सम्मका अनूसुचीहरू वासलातका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

द.
प्रताप जङ्ग पाण्डे
अध्यक्ष

द.
सुरज अधिकारी
सञ्चालक

द.
अमन बज्राचार्य
सञ्चालक

द.
कृष्ण प्रसाद अधिकारी
संचालक
(प्रतिनिधि सर्वसाधारणबाट)

सि.ए. राजन रजनिश दाहाल
पार्टनर
देव एसोसिएटस
चाटर्ड एकाउन्टेन्ट

नाफा नोक्सान हिसाव

मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्म

विवरण	अनूसुची	यस वर्ष (रु.)	गत वर्ष (रु.)
१.व्याज आम्दानी	४.१४	२९,७४९,४५९	२०,९०९,६४२
२.व्याज खर्च	४.१५	(६,३०६,८८३)	(४,६२१,३४८)
खुद ब्याज आम्दानी		**२३,४४२,५७६**	**१६,२८८,२९५**
३.कमिशन तथा अन्य सञ्चालन आम्दानी	४.१६	१४०,४२१	३९,२५२
४.सटही घटवढ आम्दानी		–	–
कुल सञ्चालन आम्दानी		**२३,५८२,९९८**	**१६,३२७,५४७**
५.कर्मचारी खर्च	४.१७	(९,५६६,८१८)	(५,७५२,२८९)
६.अन्य सञ्चालन खर्च	४.१८	(६,९६७,०२१)	(१०,३४५,७७३)
७.सटही घटवढ नोक्सान		–	–
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा		**७,०४९,१५९**	**२२९,४८४**
८.सम्भावित नोक्सानी व्यवस्थाहरू	४.१९	(४,४५३,१४१)	(२,१०५,७४२)
संचालन मुनाफा		**२,५९६,०१८**	**(१,८७६,२५८)**
९.गैर सञ्चालन आम्दानी/खर्च	४.२०	६४,०४६	६४,०४६
१०.सम्भावित नोक्सानी व्यवस्था वाट फिर्ता	४.२१	३,२३७,००४	१,५५४,४४४
नियमित कारोवारवाट भएको मुनाफा		**५,८९७,०६७**	**(२५७,७६८)**
११.असामान्य कारोवारवाट भएको आम्दानी/खर्च	४.२२	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा (नोक्सान)		**५,८९७,०६७**	**(२५७,७६८)**
१२.कर्मचारी बोनस व्यवस्था		(५३६,०९७)	–
१३.आयकर व्यवस्था			
यस वर्षको कर व्यवस्था		(१,६६८,२८५)	(२८,७२०)
विगत वर्षसम्मको कर व्यवस्था			
यस वर्षको स्थगन कर आम्दानी/(खर्च)		(३९,१४२)	१०२,६८२
खुद नाफा/नोक्सान		**३,६५३,५४३**	**(१८३,८०६)**

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसावका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

द.
प्रताप जङ्ग पाण्डे
अध्यक्ष

द.
सुरज अधिकारी
सञ्चालक

द.
अमन बज्राचार्य
सञ्चालक

द.
कृष्ण प्रसाद अधिकारी
संचालक
(प्रतिनिधि सर्वसाधारणवाट)

सि.ए. राजन रजनिश दाहाल
पार्टनर
देव एसोसिएटस
चाटर्ड एकाउन्टेन्ट

नाफा नोक्सान वाँडफाँड हिसाव

मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्म

विवरण	अनूसुची	यस वर्ष (रु.)	गत वर्ष (रु.)
आम्दानी			
१.गत वर्षसम्मको संचित मूनाफा		२,८६५,९०५	३,११५,५७१
२.यस वर्षको मूनाफा		३,६५३,५४३	(१८३,८०६)
३. स्थगन कर कोषबाट रकमान्तर गरिएको		३९,१४२	
४.सटही घटबढ कोष		–	–
जम्मा		६,५५८,५९१	२,९३१,७६५
खर्च			
१.गत वर्षसम्मको संचित नोक्सान		–	–
२.यस वर्षको नोक्सान		–	–
३.साधारण जगेडा कोष		७३०,७०९	–
४.भैपरी आउने जगेडा		–	–
५.संस्था विकास कोष		–	–
६.लाभांश समीकरण कोष		–	–
७.कर्मचारी सम्वन्धी जगेडाहरू		–	–
८.प्रस्तावित लाभांश		२६३,१५८	–
९.प्रस्तावित बोनस शेयर		५,०००,०००	–
१०. विशेष जगेडा कोष		–	–
११. सटही घटबढ कोष		–	–
१२. पूँजी फिर्ता जगेडा कोष		–	–
१३. पूँजी समायोजन कोष		–	–
१४. ग्राहक संरक्षण कोष		३६,५३५	
१५. स्थगन कर कोष		–	६५,८५९
जम्मा		६,०३०,४०२	६५,८५९
१६. संञ्चित मुनाफा / (नोक्सान)		५२८,१८९	२,८६५,९०५

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

द.
प्रताप जङ्ग पाण्डे
अध्यक्ष

द.
सुरज अधिकारी
सञ्चालक

द.
अमन बज्राचार्य
सञ्चालक

द.
कृष्ण प्रसाद अधिकारी
संचालक
(प्रतिनिधि सर्वसाधारणबाट)

सि.ए. राजन रजनिश दाहाल
पार्टनर
देव एसोसिएटस
चाटर्ड एकाउन्टेन्ट

नगद प्रवाह विवरण

मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्म

विवरण	यस वर्ष (रु.)	गत वर्ष (रु.)
(क) कारोबार संचालनबाट नगद प्रवाह		
१. नगद प्राप्ति	२९,९५३,९२६	२१,०१२,९४०
१.१ ब्याज आम्दानी	२९,७४९,४५९	२०,९०९,६४२
१.२ अपलेखित कर्जाको असुली	–	–
१.३ कमिसन तथा अन्य आम्दानी	२०४,४६७	१०३,२९७
२. नगद भुक्तानी	(२०,७२१,९६२)	(२०,८७८,८५५)
२.१ ब्याज खर्च	(५,१७२,८१३)	(४,०४१,८७९)
२.२ कर्मचारी खर्च	(९,५६६,८१८)	(५,७५२,२८९)
२.३ कार्यालय संचालन खर्च	(५,७९८,५३०)	(८,९७५,७५६)
२.४ आयकर भुक्तानी	(१८३,८०२)	(१,७२१,११२)
२.५ अन्य खर्च	–	(३८७,८२०)
कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह	९,२३१,९६४	१३४,०८४
सञ्चालन सम्वन्धि चालू सम्पत्तिमा कमी/(वृद्धि)	(७३,८२२,९५४)	(३८,४२६,११४)
१. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि)	–	–
२. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि)	–	–
३. कर्जा तथा विल्स खरिदमा कमी/(वृद्धि)	(७४,२२९,७५८)	(३७,१३८,३६४)
४. अन्य सम्पतिमा कमी/(वृद्धि)	४०६,८०३	(१,२८७,७५०)
सञ्चालन सम्वन्धि चालू दायित्वमा (कमी)/वृद्धि	६४,५१८,४०६	२६,८५१,३३०
१. निक्षेप दायित्वमा (कमी)/वृद्धि	२४,३३२,९२९	१४,७७९,७४१
२. अल्पकालिन सापटीमा (कमी)/वृद्धि	४४,९७८,८७५	६,०१४,४६६
३. अन्य दायित्वमा (कमी)/वृद्धि	(४,७९३,३९८)	६,०५७,१२४
(ख) लगानी कारोवारमा नगद प्रवाह	(५,६७४,८२३)	(३५०,०५५)
१. दीर्घकालीन लगानीमा कमी/(वृद्धि)	–	–
२. स्थीर सम्पतिमा कमी/(वृद्धि)	(५,६७४,८२३)	(३५०,०५५)
३. दीर्घकालीन लगानीमा व्याज आम्दानी	–	–
४. लाभांश आम्दानी	–	–
५. अन्य	–	–
(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह	–	४०,०००,०००
१. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी)	–	–
२. शेयर पूँजीमा वृद्धि/(कमी)	–	४०,०००,०००
३. अन्य दायित्वमा वृद्धि/(कमी)	–	–
४. नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी)	–	–
(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी/खर्च	–	–
(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह	(५,७४७,४०८)	२८,२०९,२४५
(च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात	८१,९३१,२४४	५३,७२२,०००
(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात	७६,१८३,८३७	८१,९३१,२४४

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा ।

द.	द.	द.	द.
प्रताप जङ्ग पाण्डे	**सुरज अधिकारी**	**अमन बज्राचार्य**	**कृष्ण प्रसाद अधिकारी**
अध्यक्ष	सञ्चालक	सञ्चालक	संचालक (प्रतिनिधि सर्वसाधारणबाट)

सि.ए. राजन रजनिश दाहाल
पार्टनर
देव एसोसिएटस
चार्टर्ड एकाउन्टेन्ट

इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

आ. व. २०७२/७३ आषाढ मसान्त सम्मको

(रु.)

विवरण	शेयर पूँजी	सञ्चित.ना.नो.	साधारण जगेडा कोष	पूँजिगत जगेडा कोष	शेयर प्रिमियम	सटही घटबढ कोष	स्थगन कर जगेडा	ग्राहक संरक्षण कोष	अन्य जगेडा तथा कोष	कुल रकम
शुरू मौज्दात	१००,०००,०००	२,८६५,९०५	५४३,२८६	-	–	–	६५,८५९		–	१०३,४७५,०५१
लेखा नितीमा भएको परिवर्तन	–	–	–	-	–	–	–		–	–
स्थगन कर	–	–	–	-	–	–	–		–	–
समायोजित शुरु मैज्दात	१००,०००,०००	२,८६५,९०५	५४३,२८६	-	–	–	६५,८५९		–	१०३,४७५,०५१
सम्पत्ति पूर्नमूल्याङ्कनमा भएको बचत	–	–	–	-	–	–	–		–	–
सम्पत्ति पूर्नमूल्याङ्कनमा भएको घाटा	–	–	–	-	–	–	–		–	–
मुद्रा सटहीमा भएको फरक	–	–	–	-	–	–	–		–	–
आम्दानी विवरणमा नदेखाइएको खुद नाफा र नोक्सान										
अवधिभरको खुद नाफा	–	३,६५३,५४३	–	-	–	–	–		–	३,६५३,५४३
साधारण जगेडा कोषमा सारिएको	–	(७३०,७०९)	७३०,७०९	-	–	–	–		–	–
लाभांस घोषण	–	(२६३,१५८)		-	–	–	–		–	(२६३,१५८)
जारी गरिएको शेयर पूँजी	–	–	–	-	–	–	–		–	–
प्रस्तावित बोनस शेयर	५,०००,०००	(५,०००,०००)	–	-	–	–	–		–	–
सम्पत्ति पूर्नमूल्याङ्कनमा भएको घाटा	–	–	–	-	–	–	–		–	–
लगानी पूर्नमूल्याङ्कनमा भएको नाफा	–	–	–	-	–	–	–		–	–
स्थगन कर आम्दानी	–	३९,१४२	–	–	–	–	(३९,१४२)		–	–
ग्राहक संरक्षण कोषमा ट्रान्सफर		(३६,५३५)						३६,५३५		–
मुद्रा सटहीमा भएको फरक	–	–	–	–	–	–	–		–	–
३१ आषाढ २०७२ को मौज्दात	१०५,०००,०००	५२८,१८९	१,२७३,९९५	–	–	–	२६,७१७	३६,५३५	–	१०६,८६५,४३६

अनुसुची ४.१

शेयर पूँजी तथा स्वामित्व

२०७३ साल आषाढ मसान्त

विवरण	यस वर्ष (रु.)	गत वर्ष (रु.)
१.शेयर पूँजी	१००,०००,०००	६०,०००,०००
१.१अधिकृत पूँजी	–	–
क) २०,००,००० साधारण शेयर प्रति रू. १०० ले	२००,०००,०००	२००,०००,०००
ख) ....ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू .....ले	–	–
ग) ....रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू .....ले	–	–
१.२ जारी पूँजी	–	–
क) १०,००,००० साधारण शेयर प्रति रू १००. ले	१००,०००,०००	१००,०००,०००
ख) ... ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू ...ले	–	–
ग) .... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू .....ले	–	–
१.३ चूक्ता पूँजी	१००,०००,०००	१००,०००,०००
क) १०,००,०००साधारण शेयर प्रति रू १००ले	१००,०००,०००	१००,०००,०००
ख) ....ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू .....ले	–	–
ग) ... ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू .....ले	–	–
१.४ प्रस्तावित वोनस शेयर	५,०००,०००	–
१.५ अग्रिम रुपमा शेयर लगानी (Call in Advance)	–	–
१.६ जम्मा रकम (१.३+१.४+१.५)	१०५,०००,०००	१००,०००,०००

शेयर स्वामित्व विवरण	यस वर्ष (रु.)		गत वर्ष (रु.)	
